# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०२/२१

### आठौं अधिवेशन

### (प्रथम वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

आठौं अधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत छ । यो अधिवेशन उपलब्धिमुलक रहोस् भनी शुभेक्षा व्यक्त गर्दछु । माननीय सदस्यहरुले अझै मर्यादित तथा अनुशासित भई सक्रिय रुपमा सहभागी हुँदै बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

**माननीय सदस्यहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि संघर्ष गर्दै आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात शहीदहरू प्रति सम्मान प्रकट गर्न आ-आफ्नो स्थानबाट उठेर १ मिनेट सम्पूर्ण माननीय सदस्यहरुलाई आग्रह गर्दछु ।

माननीय सदस्यहरू, आ-आफ्नो ठाउँबाट उठेर एक मिनेटको मौनधारण गरौं ।

मौनधारण पश्चात

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशका पहिला प्रदेश प्रमुख माननीय मोहन राज मल्लको उपचारको क्रममा मिति २०७८/०२/१३ गते असामयिक निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै वाहाँको शोक सन्तप्त परीवार प्रति समवेदना प्रकट गर्दछु ।

**माननीय सदस्यहरु,**

पूर्व प्रदेश प्रमुख मोहनराज मल्लको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

उक्त शोक प्रस्तावलाई पारित गरिदिन हुन अनुरोध गर्दछु ।

प्रस्ताव पारित पश्चात

**माननीय सदस्यहरु,**

उक्त शोक प्रस्ताव पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब हामी दिवंगत मोहन राज मल्लको निधन प्रति शोक प्रकट गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

मौनधारण पश्चात

**माननीय सदस्यहरु,**

अहिलेको वैठक यही समाप्त हुन्छ । अर्को वैठक आजै १५ (पन्ध्र ) मिनेट पछि बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।